आज मिति २०७६ साल मंसिर ८ गते आइतवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| का.वा. अध्यक्ष व्यास ४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| उपसचिव | श्री नगेन्द्र प्रसाद रेग्मी | उपस्थित |
| ब.आ.ले.प.अ. | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| बरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| बरिष्ठ इन्जिनियर | डा. राजु पौडेल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: सहकारी अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२: कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना माग गर्ने सम्बन्धमा

प्रस्ताव नं.३: कम्प्यूटर खरिद सम्बन्धमा ।

प्रस्ताव नं.४: प्राविधिक कर्मचारी सेवा करार नियुक्ति अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.५: विभिन्न ठेक्का स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं.६: जटिल प्रकृतिका आयोजना उपभोक्ता समितिबाट नगराउने सम्बन्धमा

प्रस्ताव नं.७: खाजा खाने समय निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं.८: प्रवलीकरणबाट पूर्ण क्षति लाभग्राही कायम गर्ने सम्बन्धमा

प्रस्ताव नं.९: विद्यालयको आन्तरिक लेखापरीक्षण सम्बन्धमा

प्रस्ताव नं.१०: जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं.११: सामुदायिक विद्यालयको दिवा खाजाको लागि रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.१२: साटिन बाँकी चेक रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.१३: खोप केन्द्र निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१४: स्वास्थ्य स्वयं सेविकाहरुको मासिक बैठक सम्बन्धमा ।

प्रस्ताव नं.१५: घुम्ती शौचालय सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं.१६: व्यवसाय कर र घरबहाल करको लगत संकलन तथा अद्यावधिक गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१७: पर्यटकीय गन्तव्यमा सूचिकृत गराउन प्रस्ताव पठाउने सम्बन्धमा ।

प्रस्ताव नं.१८: एकीकृत जग्गा विकास कार्यक्रममा प्राविधिक कर्मचारी काममा लगाउने सम्बन्धमा ।

प्रस्ताव नं.१९: आवास सुविधा सम्बन्धमा ।

प्रस्ताव नं.२०: दशै तिहारको पालोपहरामा खटिने कर्मचारीलाई खाना खाजा खर्च सम्बन्धमा ।

प्रस्ताव नं.२१: विभिन्न फुटकर योजना तथा अन्य कार्यक्रमहरुमा रकम विनियोजन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको कार्यक्षेत्र भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई प्रचलित कानून बमोजिम नियमन गर्न र सहकारी संस्थाहरुको प्रभावकारी सञ्चालन एवं प्रवर्द्धनका लागि नियमित रुपमा अनुगमन गर्ने गरी वडा अध्यक्ष एवं कृषि तथा सहकारी विकास समितिका संयोजक श्री तुलसीराम सापकोटाको संयोजकत्वमा देहाय बमोजिमको सहकारी अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. श्री तुलसीराम सापकोटा | – संयोजक |
| २. श्री दिनेशराज पन्त | – सदस्य |
| ३. श्री नरिमाया राना | – सदस्य |
| ४. श्री कुमारकंचन जि.सी. | – सदस्य |
| ५. श्री मेघनाथ आचार्य | – सदस्य |
| ६. श्री राजुहरी पण्डित | – सदस्य सचिव |

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना माग गर्ने कार्यविधि २०७६ बमोजिम रु.२५ लाख र रु.१० लाखका योजनाहरु उक्त कार्यविधिको दफा ५ र ६ बमोजिमको क्षेत्र र छनौट प्रकिया भित्र रही २०७६।८।२० गते भित्र नगरपालिकामा पेश गर्न सम्बन्धित वडालाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालयको लागि आवश्यक कम्प्युटर लगायत विविध सामाग्रीहरु खरिद (ठेक्का नं.१४/mun/२०७६।०७७) को लागि मिति २०७६।६।८ गते लोकवाणी राष्ट्रिय दैनिक पत्रिकामा शिलबन्दी दरभाउपत्र आब्हान सम्बन्धी सूचना प्रकाशित गरी कार्यालयबाट सोझै Hard Copy र Online मार्फत समेत खरिद गर्न सकिने व्यवस्था मिलाई Online मा समेत सूचना र BOQ अपलोड गरिएकोमा मिति २०७६।६।२८ गते दिनको २:०० बजे दरभाउपत्र खोल्ने क्रममा Hard Copy मार्फत दर्ता हुन आएका ३ वटा फर्मका दरभाउपत्रहरु खोलेपछि Online खोल्ने क्रममा दरभाउपत्रको सूचना र Bidding Document अपलोड भएको तर प्राविधिक त्रुटिको कारण प्रकाशित नभएको पाइएकोले Hard Copy हरु खोलिसकेको अवस्थामा सोही दरभाउपत्रहरुलाई निरन्तरता दिई अगाडि बढाउने वा रद्द गरी पुन: विज्ञापन गर्ने भन्ने सम्बन्धमा मिति २०७६।७।६ गते सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाण्डौंमा समेत आवश्यक निर्देशन माग गरी पठाइएकोमा हालसम्म कुनै निर्देशन प्राप्त नभएको साथै खोलिएका Hard Copy हरुमा दरभाउपत्रदाताले कबोल गरेको अंकलाई प्रारम्भिक अध्ययन गर्दा नगरपालिका कार्यालयको स्वीकृत विभागीय लागत अनुमान (मु.अ.कर समेत) रु.१५,२४,०००। मा श्री व्यास आई.टि.सेन्टर, व्यास २ तनहुंले रु.१,८००।५३ घटी अर्थात् (मु.अ.कर समेत) रु.१५,२२,१९९।४७, श्री लुम्बिनी इण्टरप्राईजेज वेशिशहर लमजुङले रु.१,५००।२० घटी अर्थात (मु.अ.कर समेत) रु.१५,२२,४९९।८ र श्री लुम्बिनी सप्लायर्स दमौली तनहुंले रु.९,०००।३३ घटी अर्थात (मु.अ.कर समेत) रु.१५,१४,९९९।६७ अंक कबोल गरी दरभाउपत्र दर्ता गराएको देखिएको आवस्थामा प्राविधिक त्रुटिको कारण अपलोड भइसकेको सूचना Online मार्फत प्रकाशित नभएको हुँदा आवश्यक निर्णयका लागि कार्यपालिका बैठकमा पेश हुन आएको उल्लेखित पृष्ठभूमीमा कम्प्युटर खरिद सम्बन्धी यस अधिको सम्पूर्ण प्रकृया रद्द गरी नयाँ खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा प्राविधिक जनशक्ति सेवा करारमा लिनका लागि पदपूर्ति समितिले विभिन्न मितिमा संचालन गरेको परीक्षामा उर्त्तीण भई सफल भएका उम्मेदवारहरुलाई सो समितिको मिति २०७६।७।२३ गते र अन्तरवार्ता समितिको २०७६।७।२४ को निर्णय अनुसार नियुक्तिका लागि पेश भएका सफल उम्मेदवारहरुको यस नगरपालिकाको मिति २०७६।७।२९ गते र २०७६।८।६ को निर्णय अनुसार दिइएको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो । साथै भेटेरीनरी तर्फ कर्मचारी अभाव भई नायव प्राविधिक सहायक थप १ जनालाई काम काजमा लगाउनुपर्ने आवश्यकता देखिएको साथै सबै वडाहरुमा भेटरीनरी सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिहाल्नुपर्ने अवस्था सृजना भएकोले विज्ञापन गरी नियुक्ति प्रकृया अगाडि बढाउंदा समय लम्बिन गई कार्यक्रमहरु प्रभावित हुने हुंदा वडा नं.१ देखि ५ सम्मको भेटेरीनरी तर्फको कार्यक्रम वडामा रही संचालन गर्न शुक्लागण्डकी नगरपालिका वडा नं. ६ निवासी श्री सिल्पा वि.क.लाई मासिक ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७६।०७७ मा कार्यान्वयन हुने गरी विभिन्न मितिमा प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न फर्म/कम्पनीका शिलबन्दी बोलपत्रहरु मध्ये तपशिल बमोजिमका निर्माण तथा आय सम्बन्धी बोलपत्रदाताका बोलपत्रहरु स्वीकृतिको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | ठेक्का नं | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | ६/MUN२०७६।०७७) | श्री मीर नेपाल कन्स्ट्रक्सन पोखरा २७ कास्की | कलेस्ती मार्ग कालोपत्रे व्यास ७ र ९ | रु.८७,७२,९८१।७० |
| २. | ७/MUN२०७६।०७७ | श्री निम्बल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.पोखरा | केबवटार मार्ग कालोपत्रे व्यास १३ र १४ | रु.९६,३९,७६९.३० |
| ३. | ८/MUN२०७६।०७७ | श्री निम्बल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.पोखरा | कालिका मार्ग कालोपत्रे | रु.६१,३०,७९३.५० |
| ४. | ९/MUN२०७६।०७७ | श्री मीर नेपाल कन्स्ट्रक्सन पोखरा २७ कास्की | क्यामिन पर्यटकीय मार्ग कालोपत्रे | रु.५८,८४,१३८.०० |
| ५. | १०/MUN२०७६।०७७ | श्री निम्बल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.पोखरा | माहेन्द्री मार्ग कालोपत्रे योजना | रु.६४,७७,००३.१० |
| ६. | ११/MUN/२०७६।०७७ | श्री निम्बल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.पोखरा | पराशर रिङरोड मार्ग कालोपत्रे | रु.६३,७६,४७५.०० |
| ७. | १२/MUN/२०७६।०७७ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. कलंकी १४ काठमाण्डौ | वैरेनी नयां वस्ती वडा कार्यालय पहुंच मार्ग कालोपत्रे योजना | रु.४९,०४,६०४.०० |
| ८. | १३/MUN/२०७६।०७७ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. कलंकी १४ काठमाण्डौ | वडा कार्यालय भवन निर्माण | रु.३२,६३,७८७.३२ |
| ९. | १५/mun/२०७६।०७७ | श्री सुलभ निर्माण सेवा दमौली तनहुं | व्यास नगरपालिका क्षेत्र भित्र उत्पादन/प्रशोधन भई अन्यत्र लैजांदा लाग्ने वातावरण शुल्क उठाउने | रु.६८,८८,८८८।०० |

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा जटिल प्रकृतिका आयोजनाहरु स्थानीय उपभोक्ता समितिबाट संचालन गर्दा कामको गुणस्तर आसातित रुपमा हासिल गर्न नसकिएको साथै अधिकांश उपभोक्ता समितिहरुले आफूले सम्झौता गरी जिम्मामा लिएको निर्माण कार्यहरु सम्पन्न गर्न सहजकर्ताको रुपमा ठेकेदार नियुक्ति गरी सम्पूर्ण कार्यहरु ठेकेदारलाई नै जिम्मामा लगाउँदै आएको पाइएको हुँदा स्थानीय स्रोत र साधनको ज्यादै न्युनमात्रामा उपयोग हुने तथा ठूला प्रकृतिका आयोजनाहरु कार्यान्वयन गर्दा कार्यालयबाट नै ठेक्कका प्रकृयाद्वारा कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयमा कार्यरत कर्मचारीहरुको खाजा खाने समय निर्धारण नहुँदा दैनिक सेवाप्रवाह प्रभावित हुन गएको हुँदा समय व्यवस्थापनलाई मध्यनजर गरी २०७६।८।१० गतेदेखि लागु हुने गरी कर्मचारीहरुको लागि दिनको २ बजेदेखि २.३० बजेसम्म खाजा खाने समय निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा वडा नं.१० बाट प्राप्त सिफारिस बमोजिम देहायका ३ जना व्यक्तिहरुको प्रवलीकरणबाट पूर्ण क्षति लाभग्राही कायम गर्न राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

क) यज्ञप्रसाद शर्मा

ख) सिता पाण्डे

ग) भोजबहादुर दरै

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र रही यस नगरपालिकाबाट वार्षिक ५ लाखभन्दा बढी अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालयहरुको आन्तरिक लेखापरीक्षण अनिवार्य रुपमा यस नगरपालिकाबाट गराउने व्यवस्था मिलाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं. १० का सम्बन्धमा छलफल हुँदा यस कार्यपालिकाको मिति २०७६/०६/२९ को निर्णय नं. ३ बमोजिम लैङिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा यही २०७६/०८/२४ तदनुसार 10 Dec 2019 मा पर्न गएको विश्व मानव अधिकार दिवसका दिन आयोजना गर्ने गरी तय गरिएको ८४ वर्ष पुरा गर्नुभएका ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा देहाय बमोजिम यातायात खर्च लगायत अन्य खर्च गर्ने गरी कार्यक्रम प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| यातायात खर्च प्रति जेष्ठ नागरिक | रू. १,०००।- |
| सम्मान पत्र (फ्रेम सहित) | रू. २५०।- |
| खाजा खर्च प्रत्येक वडामा | रू. ५,०००।- |
| दोसल्ला (प्रति व्यक्ति) | रू. १००।- |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको शैक्षिक सुधार सुझाव समितिको प्रतिवेदन अनुसार यस नगरक्षेत्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने बाल विकास केन्द्र (पूर्व प्राथमिक तह) र कक्षा १ मा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई देहाय बमोजिम दिवा खाजा उपलब्ध गराउने निर्णय गरियो । साथै सो वापतको रकम रु.२१,१६,१२५। शिक्षा सम्बन्धी बजेट खर्च शीर्षकबाट व्यहोर्ने समेत निर्णय गरियो ।

| क.सं. | तह | विद्यार्थी संख्या | जम्मा दिन | खाजाको दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १. | बाल विकास केन्द्र | १११० | ७५ | रू.१५। | रू.१२,४८,७५०। |
| २. | कक्षा १ | ७७१ | ७५ | रू.१५। | रू.८,६७,३७५। |
| जम्मा | | १८८१ | ७५ | रू.१५। | रू.२१,१६,१२५। |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ विज्ञानचौर स्थित श्री शुभकामना मेटल एण्ड यु.पि.भि.सी.को नाउँमा आ.व.२०७५/०७६ मा खिचिएको नं.०१००४९७७८१०१०१ को रू.६२,०००। (बैसठ्ठी हजार रुपैंया मात्र) को चेक थान १ नियमानुसारको समय-सीमाभित्र साटिनु पर्नेमा चेकको म्याद गुज्रिन गई नसाटिएको र यस नगरपालिकाको बैंक हिसाब विवरणमा पनि साटिन बाँकी चेकको महलमा उल्लेखित नम्बरको चेक रहेको अवस्थामा सम्बन्धित फर्मबाट चेक रकम भुक्तानीको लागि निवेदन पेश हुन आएकोमा सो रकम संचित कोषमा ट्रान्सफर भई सकेको हुँदा कन्टेन्जेन्सीबाट रकम भुक्तानी गर्ने व्यवस्था मिलाउने साथै आगामी दिनहरुमा यस तर्फ लेखा शाखालाई सजग भई भुक्तानीको व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा स्वास्थ्य सम्बन्धी सङ्घीय सशर्त कार्यक्रम अन्तर्गत प्राप्त हुने बजेटबाट वडा नं.१२ को छिर्कन र वडा नं.१० को डिहीगाउँमा खोप केन्द्र निर्माण गर्ने गरी निर्माण प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा महिला स्वयंसेविकाहरुको मासिक बैठक सम्बन्धित वडामा नै बस्ने तथा मासिक प्रतिवेदन सम्बन्धित वडाका स्वास्थ्य संस्थाहरुमा नै बुझाउने व्यवस्था मिलाउन र वडा नं.३ को हकमा नगरपालिका स्वास्थ्य शाखामा बुझाउन स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बढ्दो जनसंख्याको चाप तथा पृथ्वी राजमार्गमा दैनिक रुपमा आवत-जावत गर्ने यात्रुहरुको चाप एवं सदरमुकाममा रहेको यस

नगरपालिका क्षेत्रभित्र दैनिक रुपमा सञ्चालन हुने विभिन्न सभा समारोहलाई मध्यनजर गर्दा घुम्ती शौचालय सञ्चालनको आवश्यकता तड्कारो रुपमा खड्की रहेको हुँदा सो सम्बन्धमा बृहत रुपमा अध्ययन गरी सोको लागत समेत खुल्ने गरी प्रतिवेदन पेश गर्न सरसफाई समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रमा व्यवसाय गरी यस नगरपालिका कार्यालयमा दर्ता हुन नआएका व्यवसायहरुको लगत संकलन, व्यवसाय कर अशुली तथा घरबहालमा दिने घरधनीहरुको घर बहाल सम्बन्धी पूर्ण विवरण संकलन गर्ने कार्यका लागि निजहरुले दैनिक रुपमा संकलन गर्ने तथ्यांक तथा कार्य प्रगतिको आधारमा एक दिनमा एक जनालाई रु.५००।- मा नबढ्ने गरी पारिश्रमिक भुक्तानी गर्ने गरी (तथ्याङ्कको आधारमा) स्थानीय क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरुलाई काममा लगाउने गरी आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा पर्यटन बोर्डमा नेपालका पर्यटकीय गन्तव्यहरुमा यस नगरपालिका अन्तर्गतका देहाय बमोजिमका पर्यटकीय स्थानहरुलाई सूचिकृत गराउन सबै स्थानको अवधारणा पत्र तयार गरी प्रस्ताव गरी सम्बन्धित निकायमा पठाउन पर्यटन तथा उद्योग शाखालाई दिर्नेशन दिने निर्णय गरियो ।

१. मानहुँकोट – व्यास ५
२. पुलिमराङ्ग – व्यास ८
३. गलेखामकोट – व्यास ६
४. क्यामिनकोट – व्यास ७

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा एकीकृत जग्गा विकास परियोजना लगायत अन्य कार्यक्रमहरुका लागि प्राविधिक जनशक्ति पदपूर्तिका लागि यस अगाडि कार्यालयबाट गरिएको प्रक्रिया अनुसार सिफारिस गरिएका मध्येका सव इन्जिनियर पदका केही जनशक्तिहरु नियुक्ति लिन नआएका साथै वैकल्पिक उम्मेदवार समेत नियुक्ति लिन नआएको हुँदा एकीकृत जग्गा विकास परियोजनाको कार्यमा जनशक्ति अभाव हुन गएको साथै पुनः विज्ञापनको प्रक्रियामा जाँदा समय लम्बिन गई परियोजना प्रभावित हुन जाने हुँदा इन्जिनियर तर्फको वैकल्पिक उम्मेदवार व्यास नगरपालिका वडा नं.५ निवासी श्री पुजन श्रेष्ठलाई कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्लेले आवास सुविधाका लागि निवेदन दिनु भएको र निजलाई बिगत वर्षहरुदेखि नै कार्यालय समय अतिरिक्त समयमा पनि कामकाजमा लगाउदै आइएको हुँदा मासिक रु.७,०००। (सात हजार) बराबरको घर भाडामा लिई आवास सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा २०७६ सालको दशै र तिहारको बिदाको समयमा नियमित रुपमा कार्यालयमा पालोपहरामा खटिने कर्मचारीलाई खाना खाजा खर्च वापत दैनिक रु.५००। उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं आवश्यकता प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | रिस्ती कृषि फर्म | ८ | २,००,०००। | कृषि कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| २. | नेवाः देय दबु गुठी समन्वय समिति, दमौली तनहुँ | | ८०,०००। | जनजाति कार्यक्रम |
| ३. | निलकण्ठ सुवेदी, (दैवी प्रकोप) | १० | १५,०००। | प्रकोप कार्यक्रम |
| ४. | ग्यालेक्सी युवा क्लव, 7A Side खुल्ला पुरुष फुटवल प्रतियोगिता | ६ | ७०,०००। | खेलकुद कार्यक्रम |
| ५. | निर्मल नगर महिला समूह, नेतृत्व विकास तथा उद्घोषक तालिम सञ्चालन | १ | ४०,०००। | महिला कार्यक्रम |
| ६. | रिस्ती स्वास्थ्यचौकी पुलिमराङ, विविध कार्यक्रम | ८ | ४०,०००। | विविध फुटकर |
| ७. | महर्षि वेदव्यास संस्कृत मा.वि., ह्यूम पाइप खरिद | ३ | २९,०००। | विविध फुटकर |
| ८. | सामुदायिक विपद् प्रतिकार्य तालिम सञ्चालन | | ५०,०००। | प्रकोप कार्यक्रम |
| ९. | शिवप्रसाद पन्थ समेत कृषि बाली क्षतिपूर्ति रकम भुक्तानी | १२ | ४५,२००। | कृषि कार्यक्रम |
| १०. | राष्ट्रिय सहकारी बैंक तालिम कार्यक्रम | | २१,०००। | सहकारी कार्यक्रम |
| ११. | जिल्ला समन्वय समिति ४ थान टायर (विल अनुसार) | | | सेवा अन्य |
| १२. | मालपोत कार्यालय ३ थान सोलार व्याट्री (बिल अनुसार) | | | सेवा अन्य |
| १३. | कमलवारी चिसापानी टोल खानेपानी टंकी निर्माण | १३ | ६५,०००। | विविध फुटकर |
| १४. | रामकृष्ण परियार सेवा समाज जनचेतना कार्यक्रम | १० | २५,०००। | दलित लक्षित |
| १५. | निलकुमारी मिया फाउण्डेशन सिलाई कटाई | २ | ५०,०००। | विविध फुटकर |
| १६. | वडागाउँ बाटोमा नाली निर्माण | ६ | ६०,०००। | विविध फुटकर |
| १७. | Diversity Football सहयोग | ४ | ४०,०००। | खेलकुद |
| १८. | सुन्दर बजार शालिक निर्माण (सहयोग) | | २५,०००। | विविध फुटकर |
| १९. | जिल्ला प्रशासन कार्यालयलाई wood cutter ( चेन्स) खरिद अनुदान (विल अनुसार) | | | सेवा अन्य |
| २०. | क्यान्सर पिडित सुवास न्यौपाने | ७ | २५,०००। | |
| २१. | गितल प्रतिष्ठान नेपाल तथा नाटक मञ्च, तनहुँ | | ३०,०००। | |
| २२ | चण्डेश्वरी आ.वि. चेपाङ विद्यार्थीलाई पोशाक सहयोग | ११ | २५,०००। | ४.१.४१ |
| २३ | वेदानुयायी प्रतिष्ठान नेपाल, तनहुँ | | १,०५,०००। | विविध फुटकर |